आकाशवाणी हो।

May 11th, 2025 Sunday

प्रमुख समाचार:

- प्रधानमन्त्री नरेन्द्र मोदीको अध्यक्षतामा नयाँ दिल्लीमा उच्चस्तरीय बैठक सम्पन्न
- रक्षामन्त्री राजनाथ सिंहद्वारा उत्तर प्रदेशको लखनऊमा ब्रह्मोस एयरोस्पेस परीक्षण सुविधाको उद्घाटन
- आज राष्ट्रिय प्रविधि दिवस, देशले वैज्ञानिक, इन्जिनियर र प्राविधिकहरूको योगदानलाई स्मरण गर्दै
- यस वर्ष देशमा सामान्य भन्दा राम्रो मनसुन हुने मौसम विभागको पूर्वानुमान
- अनि महिला त्रिकोणीय एकदिवसीय क्रिकेट शृङ्खलाको अन्तिम खेलमा भारतले आयोजक श्रीलंकालाई पराजित गर्दै उपाधि हात पार्न सफल

PM Meet

प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीस्थित आफ्नो निवासमा उच्चस्तरीय बैठक गर्नुभयो। बैठकमा रक्षामन्त्री राजनाथ सिंह, विदेशमन्त्री सुब्रह्मण्यम जयशंकर, राष्ट्रिय सुरक्षा सल्लाहकार अजित डोभाल, रक्षा प्रमुख जनरल अनिल चौहान, सेना प्रमुख जनरल उपेन्द्र द्विवेदी, नौसेना प्रमुख एडमिरल दिनेश त्रिपाठी र वायुसेना प्रमुख मार्शल अमर प्रीत सिंह उपस्थित हुनुहुन्थ्यो । भारत र पाकिस्तान, दुई देशका सैन्य अपरेशनका महानिर्देशकहरूले हिजो एकअर्कासँग कुराकानी गरेपछि युद्धविरामको सन्दर्भमा यो बैठक भएको थियो। दुवै देशका यी अधिकारीहरूले भोलि फेरि वार्ता गर्नेछन्।

Army Chief

हिजो राति हवाई क्षेत्र उल्लङ्घन र युद्धविराम पछि सेना प्रमुख जनरल उपेन्द्र द्विवेदीले पश्चिमी सीमाका सेना कमाण्डरहरूसँग सुरक्षा अवस्थाबारे समीक्षा गर्नुभयो। सेनाका अनुसार सेना प्रमुखले हिजो भारत र पाकिस्तानका सैन्य अपरेशन महानिर्देशकहरू (DGMOs) बीचको वार्तापछि भएको सहमतिको कुनै पनि उल्लंघन भएमा प्रतिकारात्मक कारबाही गर्न सेनाका कमाण्डरहरूलाई पूर्ण अधिकार दिएको बताएको छ।

Indian Air Force - Sindoor

वायुसेनाले अपरेशन सिन्दूरको क्रममा आफूलाई सुम्पिइएका सबै कार्यहरू अत्यन्तै सटीक र दक्षताका साथ पूरा गरेको  बताएको छ। सामाजिक सञ्जालको एक पोस्टमा, वायुसेनाले भनेको छ,  सबै अपरेशनहरू राष्ट्रिय हितलाई ध्यानमा राखेर उत्कृष्ट रूपमा सम्पन्न गरिएको थियो। वायुसेनाले सबैलाई अनुमानबाट बच्न र अपुष्ट जानकारी साझा नगर्न आग्रह गरेको  छ।

World Leaders - Ceasefire

विश्वका धेरै नेताहरूले भारत र पाकिस्तान बीचको युद्धविरामको स्वागत गरेका छन् र यसलाई दुई देश बीचको तनाव कम गर्ने दिशामा एक महत्त्वपूर्ण कदम भनेका छन्। संयुक्त राष्ट्र संघका महासचिव एन्टोनियो गुटेरेसले भारत र पाकिस्तानबीच भएको युद्धविराम सम्झौताको स्वागत गर्नुभएको छ। बेलायती विदेशमन्त्री डेभिड लामीले युद्धविरामको स्वागत गर्दै दुवै देशलाई शान्ति कायम राख्न आग्रह गर्नुभयो । युरोपेली संघका विदेश मामिला प्रमुख काजा कालासले युद्धविरामको महत्त्व र यसलाई कायम राख्नुपर्ने आवश्यकतामा जोड दिनुभयो । साउदी अरेबियाको विदेश मन्त्रालयले एक विज्ञप्तिमा यो युद्धविरामले यस क्षेत्रमा शान्ति र सुरक्षा पुनर्स्थापित गर्न योगदान पुर्‍याउने आशा व्यक्त गरेको छ।

Rajnath - Brahmos

रक्षामन्त्री राजनाथ सिंहले अपरेशन सिन्दूर केवल सैन्य कारबाही मात्र नभई भारतको राजनीतिक, सामाजिक र रणनीतिक इच्छाशक्तिको प्रतीक भएको बताउनुभएको छ। आज लखनऊमा ब्रह्मोस एयरोस्पेस एकीकरण र परीक्षण सुविधाको भर्चुअल उद्घाटन गर्दै रक्षामन्त्रीले यो अपरेशनले आतंकवाद विरुद्ध भारतको दृढ इच्छाशक्ति र सैन्य शक्तिलाई प्रतिबिम्बित गर्ने बताउनुभयो । उहाँले भन्नुभयो

Rajnath

रक्षामन्त्रीले आतंकवाद विरुद्ध भारतले शून्य सहनशीलताको नीति पछ्याउने उल्लेख गर्नुभयो। रक्षामन्त्रीले ब्रह्मोस एयरोस्पेस एकीकरण र परीक्षण सुविधाले देशको शक्ति बढाउने चर्चा गर्नुभयो। उहाँले राष्ट्रिय प्रविधि दिवसको अवसरमा आज यो सुविधाको सुरुवात विशेष रूपमा महत्त्वपूर्ण भएको पनि बताउनुभयो ।

Punjab-police-espionage

पञ्जाब प्रहरीले नयाँ दिल्लीस्थित पाकिस्तानी उच्चायोगमा तैनाथ एक अधिकारी सीमापार जासुसीमा संलग्नता रहेको खुलासा गरेको  छ। भारतीय सेनाको गतिविधिसँग सम्बन्धित संवेदनशील जानकारी पाकिस्तान पठाउने दुई जनालाई पञ्जाबको मालेरकोटला शहरबाट पक्राउ गरिएको छ।

Fact Check

पत्र सूचना कार्यालयको तथ्य जाँच इकाईले सामाजिक सञ्जालमा हालैको भारत-पाकिस्तान द्वन्द्वको वास्तविक फुटेजको रूपमा धेरै युद्ध गेमिङ भिडियोहरू प्रसारित गरिँदै आएको बताएको छ। रक्षामन्त्री कार्यालयको नाममा व्हाट्सएपमा पनि यस्तै सन्देश प्रसारित भइरहेको छ। पत्र सूचना कार्यालयले यो सन्देश नक्कली भएको र सरकारले त्यस्तो कुनै निर्देशन जारी नगरेको  बताएको छ। यो संवेदनशील समयमा प्रत्येक जानकारी सावधानीपूर्वक जाँच गर्नु महत्त्वपूर्ण छ। विशेष गरी भारतीय सशस्त्र बलसँग सम्बन्धित कुनै पनि शंकास्पद सामग्री वा वर्तमान अवस्थासँग सम्बन्धित कुनै पनि जानकारी PIB Fact Check लाई रिपोर्ट गर्नुपर्छ। यस्ता सामग्रीहरू व्हाट्सएप नम्बर ८ ७ ९ ९ ७ १ १ २ ५ ९ र इमेल आईडी - pib dot gov dot in मा पनि पठाउन सकिन्छ।

Delhi Flights

आज दिल्ली विमानस्थलमा ९७ वटा उडानहरू रद्द गरिएका छन्। यात्रुहरूलाई अद्यावधिक उडान जानकारी र वैकल्पिक यात्रा व्यवस्थाको लागि आफ्नो एयरलाइनसँग जाँच गर्न सल्लाह दिइएको छ।

CBI- Digital Arrest

साइबर ठगी विरुद्धको अपरेशन अन्तर्गत केन्द्रीय अनुसन्धान ब्यूरो (सीबीआई) ले ८ राज्यका ४२ स्थानमा खोजी कार्य गरेको छ। यी खोजीहरू आसाम, पश्चिम बंगाल, बिहार, उत्तर प्रदेश, महाराष्ट्र, तेलंगाना, कर्नाटक र तमिलनाडुमा गरिएको थियो। यस कारबाही अन्तर्गत पाँच जनालाई पक्राउ गरिएको छ।

Technology Day

आज राष्ट्रिय प्रविधि दिवस हो। सन् १९९८ मा आजको दिन भारतले राजस्थानको पोखरणमा आणविक बमको सफलतापूर्वक परीक्षण गरेको  थियो। प्रधानमन्त्री नरेन्द्र मोदीले आज राष्ट्रिय प्रविधि दिवसको शुभकामना व्यक्त गर्नुभएको छ। सामाजिक सञ्जालको एक पोस्टमा प्रधानमन्त्रीले यो दिन

देशका वैज्ञानिकहरूप्रति गर्व र कृतज्ञता व्यक्त गर्ने र १९९८ को पोखरण परीक्षणलाई सम्झने दिन भएको बताउनुभएको छ। श्री मोदीले प्रविधिले मानवताको उत्थान गर्ने, राष्ट्रलाई सुरक्षित गर्ने र भविष्यको विकासलाई अगाडि बढाउने विश्वास व्यक्त गर्नुभएको छ।

IMD Weather

मौसम विभागले मे २७ मा दक्षिणपश्चिमी मनसुन केरला तटमा आइपुग्ने पूर्वानुमान गरेको  छ। सामान्य मितिभन्दा पाँच दिन अगाडि यो मनसुन सुरु हुने अपेक्षा गरिएको छ। विभागले यस वर्ष मनसुन सामान्यभन्दा १०५ प्रतिशत बढी हुने पनि पूर्वानुमान गरेको  छ।

12.Sports News

अब खेल समाचारः  कोलम्बोको आर. प्रेमदासा रंगशालामा आज भएको त्रिकोणात्मक एकदिवसीय शृङ्खलाको फाइनलमा भारतीय महिला क्रिकेट टोलीले श्रीलंकालाई ९७ रनले पराजित गर्दै उपाधि हात पारेको छ।  खेलो इन्डिया युथ गेम्समा महाराष्ट्रले २८ स्वर्ण र २२ रजतसहित पदक तालिकाको शीर्ष स्थानमा छ। ७२ औं मिस वर्ल्ड प्रतियोगिता हिजो साँझ हैदराबादको गाचीबोवली इन्डोर स्टेडियममा सुरु भयो।

अन्त्यमा  यस बुलेटिनका प्रमुख समाचार पुन: एकपटक

- प्रधानमन्त्री नरेन्द्र मोदीको अध्यक्षतामा नयाँ दिल्लीमा उच्चस्तरीय बैठक सम्पन्न
- रक्षामन्त्री राजनाथ सिंहद्वारा उत्तर प्रदेशको लखनऊमा ब्रह्मोस एयरोस्पेस परीक्षण सुविधाको उद्घाटन
- आज राष्ट्रिय प्रविधि दिवस, देशले वैज्ञानिक, इन्जिनियर र प्राविधिकहरूको योगदानलाई स्मरण गर्दै
- यस वर्ष देशमा सामान्य भन्दा राम्रो मनसुन हुने मौसम विभागको पूर्वानुमान
- अनि महिला त्रिकोणीय एकदिवसीय क्रिकेट शृङ्खलाको अन्तिम खेलमा भारतले आयोजक श्रीलंकालाई पराजित गर्दै उपाधि हात पार्न सफल